# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## मंगला गाउँपालिका
## म्याग्दी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश )

पत्र संख्याः २०७८।७९
च.नं. ९८
मितिः २०७९।३।२५

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
म्याग्दी ।

**कैफियत सहितको राय**

हामीले मंगला गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड १५ लाख ७५ हजार बेरुजू देखिएको छ । सोमध्ये मिति २०७८/७/१२ मा प्राप्त प्रतिक्रियाबाट रू.१ करोड ७५ लाख २७ हजार फस्र्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.४ लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ लाख ६९ हजार, नियमित गर्नुपर्ने रू.३३ लाख ८१ हजार र पेश्की रू.७५ हजार रहेको छ । गतवर्ष रु.१ करोड ८५ लाख ४४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.७० लाख १५ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। गाउँपालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

मंगला गाउँपालिका, म्याग्दी

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७३ | १८ | २१५७५ | - | ८ | १७५२७ | ७३ | १० | ४०४८ | ४२३ | ३३८१ | १६९ | - | - | ३५५० | ७५ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| म्याग्दी | १८५४४ | - | १५५७७ | २९६७ | - | ४०४८ | ७०१५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : मंगला गाउँपालिका, म्याग्दी , मंगला गाउँपालिका , म्याग्दी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Manohar Dhungana | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लेखनाथ अधिकारी | २०७७-४-१ | |
| | | बेरुजु रकम | ४,०४८,३५८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २,९५,३७,५२६.१९ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२,२६,७५,७०४ | चालु खर्च | १८,४१,६५,००० |
| प्रदेश सरकारबाट अनुदान | २,९८,६१,००० | पूँजीगत खर्च | १८,१४,४३,००० |
| राजश्व बाँडफाँट | ५३,१५,८५५.२४ | वित्तीय/अन्य व्यवस्था | २,२३,४२,७९६ |
| आन्तरिक आय | ० | | |
| अन्य आय | ५,९९,५९,२३६.८ | | |
| कुल आय | ४१,७८,११,७९६.०४ | कुल खर्च | ३८,७९,५०,७९६ |
| बाँकी मौज्दात | | १,९५,८०,६५४.२१ | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **वित्तीय विवरण** | |

**(क)परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, ८८।४४ वर्ग किलोमिटर क्षेत्रफल तथा करिब २० हजार जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः

| **विवरण** | **टिप्पणी** | **यस वर्ष रु.** | | | | **गतवर्ष रु.** | | |
|---|---|---|---|---|---|---|---|---|
| | | **बजेट** | **आफैले गरेको प्राप्ति/ भुक्तानी** | **वस्तुगत/ सोझै भुक्तानी** | **जम्मा** | **आफैले गरेको प्राप्ति/ भुक्तानी** | **वस्तुगत/सोझै भुक्तानी** | **जम्मा** |
| **प्राप्ती (क+ख)** | | **४२,००,८४,६७९.२४** | **३८,७९,५०,७९६.०५** | | **३८,७९,५०,७९६.०५** | **३९,७४,८०,७५२.७८** | **७,२१,८१५** | **३९,८२,०२,५६७.७८** |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४१,८०,६६,५२५.२४ | ३७,९७,८५,१७४.६७ | ० | ३७,९७,८५,१७४.६७ | ३०,४६,७२,८७५.०५ | ७,२१,८१५ | ३०,५३,९४,६९०.०५ |
| ११००० कर | ११ | ६,६१,५१,७३१ | ५,१७,९३,६१५.४३ | ० | ५,१७,९३,६१५.४३ | ४,२३,४७,३०७.०५ | ० | ४,२३,४७,३०७.०५ |
| १३००० अनुदान | | ३४,५४,१२,३५० | ३२,२६,७५,७०४ | ० | ३२,२६,७५,७०४ | २५,८६,२८,०५३ | ३,६०,९०७.५० | २५,८९,८८,९६०.५० |
| संघीय सरकार | १२ | ३१,०३,५१,३५० | २९,२८,१४,७०४ | ० | २९,२८,१४,७०४ | २४,०७,०७,१०० | ० | २४,०७,०७,१०० |
| प्रदेश सरकार | १२ | ३,५०,६१,००० | २,९८,६१,००० | ० | २,९८,६१,००० | १,७१,१२,००० | ० | १,७१,१२,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बैदेशिक श्रोत | १२ | ० | ० | ० | ० | ० | ३,६०,९०७.५० | ३,६०,९०७.५० | | |
| | | | | जनसहभागिता | | ० | ० | ० | ० | ८,०८,९५३ | ० | ८,०८,९५३ | | |
| | | | | १४००० अन्य राजस्व | | ६५,०२,४४४.२४ | ५३,१५,८५५.२४ | ० | ५३,१५,८५५.२४ | ३६,९७,५१५ | ० | ३६,९७,५१५ | | |
| | | | | ३३००० दायित्व | | ० | ० | ० | ० | ० | ३,६०,९०७.५० | ३,६०,९०७.५० | | |
| | | | | **ख. अन्य प्राप्ति** | | **२०,१८,१५४** | **८१,६५,६२१.३८** | | **८१,६५,६२१.३८** | **९,२८,०७,८७७.७३** | | **९,२८,०७,८७७.७३** | | |
| | | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | २२,१०,९०९ | ० | २२,१०,९०९ | | |
| | | | | कोषहरु | | २०,१८,१५४ | ३६,७२,६१६ | ० | ३६,७२,६१६ | ७२,८३,९८६ | ० | ७२,८३,९८६ | | |
| | | | | धरौटी | | ० | ४४,९३,००५.३८ | ० | ४४,९३,००५.३८ | २१,८३,९४१.७३ | ० | २१,८३,९४१.७३ | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ८,११,२९,०४१ | ० | ८,११,२९,०४१ | | |
| | | | | भुक्तानी (ग+घ) | | ४५,६५,५३,२११.७६ | ३६,८३,७०,१४१.८४ | | ३६,८३,७०,१४१.८४ | ३८,१०,९२,६८१.६६ | ३,६०,९०७.५० | ३८,१४,५३,५८९.१६ | | |
| | | | | **ग. भुक्तानी (सञ्चित कोषबाट)** | | **४५,४५,३५,०५७.७६** | **३६,५६,०८,७९२.८४** | | **३६,५६,०८,७९२.८४** | **२९,२९,४०,७६८.६६** | **३,६०,९०७.५०** | **२९,३३,०१,६७६.१६** | | |
| | | | | २१००० | १८ | १४,८०,७०,२४९.०२ | १२,९७,८३,२६३ | ० | १२,९७,८३,२६३ | १२,३२,४२,२७४.१३ | ३,६०,९०७.५० | १२,३६,०३,१८१.६३ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पारिश्रमिक / सुविधा | | | | | | | | | | |
| | | | | २२००० मालसामान तथा सेवाकोउपयोग | १८ | ४,१५,०६,२२० | ३,०५,०७,९२७.७५ | ० | ३,०५,०७,९२७.७५ | २,३९,११,२००.८३ | ० | २,३९,११,२००.८३ | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | १,७४,०८,००० | १,५६,७५,५०७ | ० | १,५६,७५,५०७ | ६१,६४,४८५ | ० | ६१,६४,४८५ | | |
| | | | | २६००० अनुदान | १८ | ० | ० | ० | ० | २,००,००० | ० | २,००,००० | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८ | ६४,२१,२०० | ६१,०२,६७३ | ० | ६१,०२,६७३ | ७८,३२,९९४ | ० | ७८,३२,९९४ | | |
| | | | | २८००० अन्य खर्च | १८ | ३३,६५,५२८.७४ | २०,९६,०९९ | ० | २०,९६,०९९ | १३,६३,१६० | ० | १३,६३,१६० | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २३,७७,६३,८६० | १८,१४,४३,३२३.०९ | ० | १८,१४,४३,३२३.०९ | १३,०२,२६,६५४.७० | ० | १३,०२,२६,६५४.७० | | |
| | | | | घ. अन्य भूक्तानी | | २०,१८,१५४ | २७,६१,३४९ | | २७,६१,३४९ | ३८,१०,९२,६८१.६६ | ३,६०,९०७.५० | ३८,१४,५३,५८९.१६ | | |
| | | | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कोषहरु | | २०,१८,१५४ | २७,८६,६५२ | ० | २७,८६,६५२ | ६४,०३,८७२ | ० | ६४,०३,८७२ | |
| | | | धरौटी | | ० | १,७०,००० | ० | १,७०,००० | ६,१९,००० | ० | ६,१९,००० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ८,११,२९,०४१ | ० | ८,११,२९,०४१ | |
| | | | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | (१,९५,३०३) | | (१,९५,३०३) | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (३,६४,६८,५३२.५२) | १,९५,८०,६५४.२१ | | १,९५,८०,६५४.२१ | १,६३,८८,०७१.१२ | ३,६०,९०७.५० | १,६७,४८,९७८.६२ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २,९५,३७,५२६.१९ | | २,९५,३७,५२६.१९ | २,७३,८६,९२८.१९ | | २,७३,८६,९२८.१९ | |
| | | | **वर्षान्तको बाकी रकम (ङ + च)** | | **(३,६४,६८,५३२.५२)** | **४,९१,१८,१८०.४०** | | **४,९१,१८,१८०.४०** | **४,३७,७४,९९९.३१** | **३,६०,९०७.५०** | **४,४१,३५,९०६.८१** | |
| | | | | | | | | | | | | |
| | | | **बैंक तथा नगद बाकी** | **२४** | | **५,१९,२९,५२२.४०** | | **५,१९,२९,५२२.४०** | **२,२६,३३,२१४.५८** | | **२,२६,३३,२१४.५८** | |

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्

| **सि.नं.** | **खर्च शीर्षक** | **बजेट** | **निकासा खर्च** |
|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| 1. | सामाजिक सुरक्षा | 70421000 | 65479277 |
| 2. | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | 6715000 | 6715000 |
| 3. | स्वास्थ्य पूर्वाधार कार्यक्रम | 8500000 | 8500000 |
| 4. | सामाजिक विकास मन्त्रालय (प्रदेश) | 1900000 | 1900000 |
| 5. | सामाजिक विकास मन्त्रालय (प्रदेश) | 400000 | 400000 |
| 6. | विविध प्रदेश | 500000 | 5000000 |
| | **जम्मा** | **88436000** | **87994277** |

उल्लिखित शीर्षक बाहेक संघीय राजस्व सञ्चित कोष दाखिला भएको रु.2,97,178।- को आर्थिक विवरण पेस भएको छ।

**(ख)**उल्लेखित आर्थिक कारोवारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।

लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्योल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट कायम भएका व्यहोराहरू निम्नानुसार छन्:

**(ग)**फिर्ता दाखिला - आर्थिक वर्ष २०७७।७८ मा निकासा मध्ये बाँकी रहेको संघीय सशर्त अनुदान तर्फको रु.2,93,78,993।- र समपुरकतर्फको रु.14,29,952।- समेत जम्मा रु.3,08,08,945।- मिति 2078/03/30 र 4/3 मा र प्रदेश सशर्त तर्फको रु.13,14,741।- र समपुरक तर्फको रु.7,98,000।- गरी जम्मा रु.21,12,741।- मिति 2078/3/30 र 2078/5/13 मा गरी कुल जम्मा रु.3,29,21,686।- नेपाल बैङ्क लि. बेनी शाखामा दाखिला भएको छ ।

**(घ)** लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणकको क्रममा दोहोरो सामाजिक सुरक्षा भत्ता वापतप रु.2,94,300।- र बढी भुक्तानी वापत रु.26,721।- गरी जम्मा रु.3,21,031।- असुली भई राजस्व शीर्षक 15112 मा दाखिला भएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे को आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए को ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः • लेखापरीक्षणका क्रममा सबै कारोबार सुत्रमा अद्यावधिक नरहेको कारण स्थानीय तहले पेस गरेको आय-व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • स्थानीय तहले विभाज्य कोषको हिसाब व्यवस्थित राखेको पाईएन । यस तहले प्रदेशलाई बाँडफाँड गर्नुपर्ने राजस्व बाँडफाँड नगरी रु.2,618,598।- मौज्दात राखेको पाईयो । • प्राप्त वितीय विवरणको नगद बाँकी रु.5,65,68,399।59 मध्ये रु.3,11,75,758।- बैंक कारोबारमा भिन्नता भन्ने उल्लेख छ । यस सम्बन्धमा पुष्ट्याइ

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्राप्त नभएकोले हिसाव यकिन हुनुपर्दछ । • NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि प्रतिवेदन र लेखाङ्कनवबीच समरुपता देखिदैन । • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिड्दैन । • पालिकाबाट लेखा परीक्षणको लागी पेस भएको सञ्चितकोषको बैंक नगदी किताबअनुसार बाँकी रु.60,27,807।- देखाएकोमा पालिकाले पेस गरेको वित्तीय विवरण म.ले.प. फा.नं. २७२ मा रु.5,65,68,399।- देखिन्छ । वित्तीय प्रतिवेदन र बैंक नगदी किताबबीच रु.5,05,40,592।- फरक देखिएको छ । • पालिकाको वित्तीय प्रतिवेदनमा अन्य भुक्तानीमा दायित्व देखाएको रु.27,61,349।- सम्बन्धमा यकिन हुनुपर्दछ । लेखापरीक्षणका क्रममा वित्तीय प्रतिवेदन र लेखाङ्कनमा फरक रहेको कारण स्थानीय तहले पेस गरेको आय-व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोकेका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **जिम्मेवारी**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.4 करोड 36 लाख 23 हजार मौज्दात कायम भएकोमा गत वर्षको प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने बाँकी रु.3 करोड 09 लाख 32 हजार हुनुपर्नेमा रु.4 करोड ३६ लाख ३ हजार कायम हुन गएकोले वास्तविक सार्नुपर्ने जिम्मेवारी रु.3 करोड 09 लाख 32 हजार देखिन्छ । यो वर्षको शुरुमा रु.२ करोड ९५ लाख ३८ हजार जिम्मेवारी सारेको देखियो । जसअनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.13 लाख 94 हजार घटी मौज्दात सरेको देखिन्छ । घटी मौज्दात सरेको रकम सम्बन्धमा लेखापरीक्षणबाट औंल्याइएपछि धरौटी तथा कोष हिसाब र सञ्चित कोषको अल्या हिसाब मिलान गरेको विवरण पेस भएको छ । सो विवरण अनुसार रु.2 करोड 99 लाख 93 हजार अल्या देखाएकोले रु.4 लाख 55 हजार बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन हुनुपर्दछ । | |
| ३ | | | **बैंक हिसाब**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो मासिक रुपमा स्रेस्ता र देहायको बैङ्क खाताको हिसाब मिलान विबरण तयार नगरेको कारण रु.1,30,81,725।57 फरक पर्न गएको देखिन्छ । लेखापरीक्षणको क्रममा बैङ्क हिसाब मिलान विवरण एकमुष्ट रुपमा तयार गरी पेस भएतापनि मासिक रुपमा हिसाब मिलान विवरण तयार गर्नुपर्दछ । | |

| सि. नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| 1 | आन्तरिक राजस्व खाता | 0 | 1953642.50 | 1953642.50 |
| 2 | चालु खर्च खाता | 5160980.93 | 3815794.52 | -1345186.41 |
| 3 | पुँजीगत खर्च खाता | 8780111.61 | 18533625.17 | 9753513.56 |
| 4 | विविध खर्च खाता | 52356.00 | 4705293.50 | 4652937.50 |
| 5 | | 4509933.57 | 4509933.57 | 0.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | धरौटी खाता | | | | | |
| | | | | 6 | सञ्चित कोष खाता | 4896392.93 | 952625.95 | -3943766.98 | | |
| | | | | 7 | सञ्चित कोष खाता | 1131415.00 | 0 | -1131415.00 | | |
| | | | | 8 | विभाज्य कोष खाता | 0 | 890309.63 | 890309.63 | | |
| | | | | 9 | प्रकोप व्यवस्थापन | 67727.00 | 29727.00 | -38000.00 | | |
| | | | | 10 | प्रकोप व्यवस्थापन | 793724.00 | 15480.25 | -778243.75 | | |
| | | | | 11 | विविध कोष खाता | 0 | 2417934.52 | 2417934.52 | | |
| | | | | 12 | विविध कर्मचारी कल्याण कोष | 0 | 650000.00 | 650000.00 | | |
| | | | | | **जम्मा** | **25392641.04** | **38474366.61** | **13081725.57** | | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन्: • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म 15 ऐन, 2 नियमावली, 12 कार्यविधि समेत 30 कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ। उल्लेखित कानुन मध्ये ७ राजपत्रमा प्रकाशित भएको पाइएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। • निजामती सेवा ऐन, 2049 को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन । • निजामती सेवा ऐन, 2049 को दफा 7ख2 बमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले रु.83,63,000।- खर्च लेखेको पाईयो। • पालिकामा कुल दरबन्दी २९ रहेकोमा १५ पदपूर्ति भई १४ जना रिक्त रहेको देखिन्छ। • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन। • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भइरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन । • योजनागत रुपमा अलग अलग नापी किताब नराखेका एवंम निर्माण कार्यको हालसम्मको परिमाण र खर्च देखिने एकिकृत नापी किताव प्रयोगमा नल्याएको । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको पाइएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिएबमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>सेवा प्रवाह<br>सेवा प्रवाह - लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार अ ब ०७७।७८ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>विवरण सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या</th></tr>
<tr><td>1.</td><td>जन्म मृत्यु दर्ता</td><td>320</td></tr>
<tr><td>2.</td><td>नागरिकता सिफारिस</td><td>865</td></tr>
<tr><td>3.</td><td>अन्य निवेदन सिफारिस</td><td>3739</td></tr>
<tr><td>4.</td><td>घरबाटो सिफारिस</td><td>173</td></tr>
<tr><td>5.</td><td>नाता प्रमाणीत</td><td>328</td></tr>
</table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बजेट पेस, पारित र अख्तियारी<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सृजना के.सी. ले २०७७।03।09 गते रु.44 करोड 45 लाख 35 हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७७।3।28 मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।4।5 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>

**अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष निम्नानुसार रु.36 लाख 4 हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

रु. हजारमा

<table>
<tr><th>सि.नं.</th><th>अवण्डा शीर्षक</th><th>रकम</th><th>अवण्डा वाट खर्च</th></tr>
<tr><td>1.</td><td>समपुरक</td><td>1000</td><td>योजनामा सबै रकम नै खर्च</td></tr>
<tr><td>2.</td><td>अन्य सार्वजनिक निर्माण</td><td>2604</td><td>१० योजनाभन्दा बढी पुँजीगततर्फ</td></tr>
<tr><td></td><td>जम्मा</td><td>3604</td><td></td></tr>
</table>

</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>

**कार्यक्रम परिवर्तन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरीत वडा कार्यालयहरूको सिफारिसमा गाउँकार्यपालिकाले निर्णयानुसार गाउँसभाले अनुमोदन गरी निम्न अनुसार कार्यक्रम संशोधन गरी रकम खर्च गरेको पाईयो ।

<table>
<tr><th>सि.नं.</th><th>मौजुदा कार्यक्रम</th><th>रकम</th><th>परिवर्तित कार्यत्रम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>विभिन्न ६ योजना</td><td>850</td><td>६ योजना</td><td>850</td></tr>
<tr><td>२</td><td>पुँजीगत ११ योजना</td><td>23950</td><td>विभिन्न ९ वटा</td><td>23950</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>

**चौमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ स्वीकृत भएको कार्यक्रममा नियम २५ मा चौमासिक प्रगति विवरण वनाई पेस गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय अनुसार छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><th>सि.नं.</th><th>पुँजीगत खर्च शीर्षक</th><th>कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th>आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th></th><th></th><th></th><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th><th></th></tr>
<tr><td>1.</td><td>गा.पा. पुँजीगत</td><td>114858</td><td>5846</td><td>20903</td><td>88107</td><td>86292</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td></td><td>5.08</td><td>18.19</td><td>76.10</td><td>75.12</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>

**क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>37869</td><td>18058</td><td>4.94</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>204043</td><td>178284</td><td>48.76</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>132706</td><td>106625</td><td>29.16</td></tr>
<tr><td>सुशासन तथा अन्तर सम्बन्धित</td><td>23497</td><td>16630</td><td>4.55</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>56417</td><td>46010</td><td>12.58</td></tr>
<tr><td>जम्मा</td><td>454532</td><td>365607</td><td>100.00</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **खर्च विश्लेषण** | |
| ११.१ | | | पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.66,99,091।- राजस्व बाँडफाँड र अनुदानबाट रु.37,28,25,185।- समेत रु.38,79,50,796।- आम्दानी भएकोमा चालुतर्फ रु.18,41,65,000।- र पुँजीगत तर्फ रु.18,14,43,000।- समेत रु.36,56,08,000।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 1.83 प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.66,78,000।- खर्च भएको छ जुन आन्तरिक आयको 99.68 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 49.39 प्रतिशत चालु र 48.66 प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| ११.२ | | | लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार यस वर्ष कुल आन्तरीक आम्दानी रु.66,99,091।- रहेकोमा पालिकाको कुल प्रशासनिक खर्च रु.4 करोड 60 लाख 10 हजार रहेको छ । आन्तरीक आयको तुलनामा प्रशासनिक खर्चको हिस्सा 6.86 गुणा बढी रहेको छ । पालिकाले आन्तरिक आम्दानीका थप स्रोतहरू बढाउन पहल गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>योजना र कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू 167 र ठेक्काबाट 7 गरी 174 योजनाहरू देहायअनुसार छन्:<br>
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>योजनासंख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु.१ लाखभन्दा कमको योजना</td><td>56</td><td>3722000</td></tr>
<tr><td>२</td><td>रु. १ लाख एकदेखि पाँच लाख सम्मका योजना</td><td>77</td><td>26518000</td></tr>
<tr><td>३</td><td>रु.५ लाखदेखि १० लाख सम्मका योजना</td><td>21</td><td>12449000</td></tr>
<tr><td>४</td><td>रु.10 लाख एकदेखि ५० लाख सम्मका योजना</td><td>13</td><td>32523000</td></tr>
<tr><td>५</td><td>रु.५० लाख भन्दा माथिका</td><td>7</td><td>88400000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>174</td><td>163612000</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>अधुरा आयोजना<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरूको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष अघोरी खोला पूर्णगाउँ टोड्के सडकको ६७ लाखको १ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **प्रगति विवरण नभएको**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस बर्ष उपभोक्ता समितिवाट सञ्चालित 167 योजनाहरू समेत कुल 174 योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरूको प्रगति विवरण पेस हुन आएन । सञ्चालित योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ। | |
| १५ | | | **अनुदान निकासा नलिएको**<br>गाउँपालिकाबाट प्राप्त वित्तीय विवरण अनुसार यस वर्षष संघीय विशेष अनुदान रु.16,00,00,000।- बजेट विनियोजन भएकोमा निकासा लिएको पाइएन। विनियोजित बजेटको निकासा प्राप्त गरी बजेट उपयोग क्षमता बढाउनु पर्दछ । | |
| १६ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न 9 पदमा 9 जना कर्मचारीहरू करारमा राखी रु.32लाख खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेकको ईञ्जिनियर १, सूचना प्रविधि अधिकृत १, कम्प्युटर अपरेटर १, अ.स.ई. ३ जना समेत ६ जना करार गत विगतदेखि नै दरबन्दीभित्र रहेको तर प्रदेश लोक सेवा आयोगको स्वीकृत बेगरको नियुक्ति गरी बर्षभरीमा रु.25,37,600।- भुक्तानी गरेको छ । | |
| १७ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.1,00,000।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोभैm कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले यसमा सुधार गर्नुपर्दछ । | |
| १८ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन हुने, दफा ८६ (२) स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन हुने व्यवस्था छ । स्थानीय तहले कानून कार्यविधि अनुसार यो वर्ष लेखा १ र प्राविधिक ५ र कार्यालय प्रमुख १ गरी ७ जनालाई रु.10 लाख २० हजार प्रोत्साहन भत्ता खर्च गरेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विामद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी 62 र यो वर्ष थप भएको 11 गरी कुल 73 विवाद दर्ता भएकोमा 66 वटा मात्र फस्र्यौट भई 7 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |
| २० | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७७।७८ को सम्पूर्ण आर्थिक कारोबारको अन्तर सरकारी वित्तीय हस्तान्तरित कार्यक्रम कारोवारको बाहेक अन्यको आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकाले आन्तरिक लेखापरीक्षणको शाखा नै स्थापना भएको पाइएन । तसर्थ कानुनमा तोकिए आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २१ | | | **पदाधिकारी सुविधा**<br>गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, 2076 को अनुसूची १ मा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ। पालिकाले उक्त ऐनमा भएको व्यवस्था बमोजिम यातायातमा रु.7,74,000।-, संचारमा रु.9,18,000।-, पुस्तक, पत्रपत्रिका, इन्टरनेटमा रु.9,18,000।-, समन्वय तथा सहजीकरणमा रु.6,78,000।-, अतिथि सत्कारमा रु.13,32,000।- खानेपानी तथा बिजुलीमा रु.15,60,000।-, चाडपर्व खर्चमा रु.4,98,000।- समेत रु.66,78,000।- खर्च लेखेको छ । | |
| २२ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.24,80,000।- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २३ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले उपचार प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.3,24,000।- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **अनुदान फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण बाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा प्रदेश सशर्त तर्फको रु.1,48,00,000।- प्राप्तिमा रु.1,24,00,000।- खर्च भई रु.24,00,000।- बाँकी देखिएको छ। बाँकी मध्ये 2078/3/30 र 5/13 मा रु.13,14,741।- फिर्ता दाखिला भई रु.10,85,259।- फिर्ता गर्न बाँकी देखिन्छ। खर्च नभई बाँकी रहेको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु<br><br>( उक्त बेरुजु कार्यालयको च न. ४०२ मिति २०७८-७-१२ को निर्णयानुसार प्रतिक्रियाबाट फस्यौंट गरिएको) | |
| २५ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले कृषि, पशु, लगायतका अनुदानमा रु.४५ लाख ७३ हजार खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ। | |
| २६ | | | **नाफामूलक संस्थालाई अनुदान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निःशुल्क वा न्यून शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका 1 नाफामूलक संस्थाको खर्चमा लागि रु.५ लाख अनुदान उपलब्ध गराएको छ । तर त्यसबाट उपरोक्त सेवा प्रवाह हुने सुनिश्चित छैन ।<br><br>**सि.नं.** \| **अनुदान पाउने संस्थाको नाम** \| **प्रयोजन** \| **अनुदान रकम**<br>1. \| जन आदर्श महिला बहुउद्देश्यीय सहकारी संस्था लि. \| युवा उद्यम कार्यक्रम \| 500000<br><br>यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>कर तथा शुल्क असुली<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>सम्पत्ति कर</td><td>593182</td><td>116169</td><td>19.58</td></tr>
<tr><td>घर बहाल कर</td><td>111755</td><td>179780</td><td>160.86</td></tr>
<tr><td>विरौटी कर</td><td>40000</td><td>31318</td><td>78.29</td></tr>
<tr><td>मनोरञ्जन कर</td><td>40000</td><td>5000</td><td>12.5</td></tr>
</table>
पालिकाभित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क प्राप्त गरेको देखिन्छ । आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **आय ठेक्का रकम छुट तथा मिन्हा**<br>नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण तथा निकासी गर्ने कार्यका लागि यस वर्ष ४ वटा ठेक्काको मिति 2077/8/19 मा सम्झौता भएकोमा सम्झौता अनुसार मूल्य अभिवृद्धि कर र सेवा शुल्क समेत रु.48,73,921।- प्राप्त हुनुपर्नेमा यसवर्ष रु.29,98,576।- प्राप्त भई रु.18,75,345।- असुल गर्न बाँकी रहेकोमा सभाको मिति 2078/3/10 गतेको निर्णयले गाउँपालिकाको नदी किनारामा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्को लागि विभिन्न स्थान तोकी ठेक्का लगाइएकोमा सो स्थानमा उत्खनन् गर्दा खोलाको धार परिवर्तन भई नदी कटानको जोखिम देखिएको, गत ज्येष्ठ महिनामा भएको वर्षादको कारण खोलाको सतह बढ्न गई उत्खनन् गर्न कठिन भएको कारण व्यवसायीले तोकेको परिमाण उठाउन नसकेको देखिएकोले निम्न व्यवसायीलाई निम्नानुसारको राजस्व छुट दिएको छ । व्यवसायीले तोकिएअनुसारको कति परिमाण उठाएको र कति परिमाण उठाउन बाँकी थियो सोको रेकर्ड नराखी तोकिएको परिमाण उठाउन नसकेको भनी राजस्व छुट दिने निर्णय गर्नु न्यायसम्मत देखिएन । | |

| सि.नं. | ठेक्का नं. | ठेक्काको विवरण | सम्झौता गर्ने फर्मको नाम | सम्झौता रकम | छुट रकम |
|---|---|---|---|---|---|
| 1. | 06/2077/78 | ढुङ्गा, गिट्टी, रोडा र बालुवा | सिम्रन निर्माण सेवा | 1459875 | 628442 |
| 2. | 05/2077/78 | ढुङ्गा, गिट्टी, रोडा र बालुवा | माछापुच्छ्रे निर्माण सेवा | 1798795 | 899395 |
| 3. | 03/2077/78 | ढुङ्गा, गिट्टी, रोडा र बालुवा | सन्दिपा निर्माण सेवा | 695015 | 347508 |
| | | | **जम्मा** | **3953685** | **1875345** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **राजस्व वाँडफाँड**<br>स्थानीय तहले आर्थिक ऐन असुल गरेको देहाय अनुसारको रकम राजस्व वाँडफाँड गर्नुपर्नेमा नगरेको निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने वित्तीय विवरणको अनुसूची-24 मा देखाएको छ । | |

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | 2618598 | 1047440 | 0 | 1047440 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **गिट्टी, ढुंगा, बालुवाको कर**<br>स्थानीय सरकार संचालन ऐन, 2074 को साबिक दफा 64 को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरूको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरूले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, 2075 द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरूले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा गण्डकी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । गण्डकी प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रिपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७२ जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रीबापतको राजस्व स्थानीयले सङ्कलन गरी प्रदेश र स्थानीय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने व्यवस्था गरेको छ जुन स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(क) विपरीत देखिन्छ । यस पालिकाले गिट्टी ढुंगा बालुवा बिक्रीबाट यसबर्ष रु.26,18,598।- राजस्व प्राप्त गरेकोमा प्रदेश संचितकोष नपठाई रु.2,61,859।- स्थानीय संचितकोषमा जम्मा गरी रु.26,18,598।- बाँडफाँड गर्न बाँकी देखिएको छ । गिट्टी, ढुंगा, बालुवा बिक्रीबाट प्राप्त हुने राजस्व उत्पत्तिको आधार एवं सो राजस्व सङ्कलन गर्दा पर्ने वातावरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसँग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सोको आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ । | |
| ३१ | | | **रकम ढिला दाखिला गर्ने**<br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ। स्थानीय तह अन्तरगतका वडाहरूले कतिपय मासिक रुपमा मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| ३२ | | | **प्रमाण नराखेको**<br><br>:<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार आम्दानी खर्च पुष्टि हुने गरी प्रमाण राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले योवर्ष आन्तरिक आम्दानी रु.66,99,091।- प्राप्त गरेको विवरण पेस भएको छ । गाँउपालिका कार्यालय र ५ वटा वडा कार्यालयहरूले गाँउपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिदहरू र बाकी रहेका रसिदहरूको अभिलेख अद्यावधिक गरेको छैन । तोकिएका म.ले.प.फारम नं. १०५, १०६,१०७,१०८ लगायत निम्नानुसारका अभिलेखहरू व्यवस्थित राखेको नदेखिदा गाँउपालिका र वडा कार्यालयहरूबाट भएको आम्दानी यकिन गर्न सकिएन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>दाखिला बाँकी कर<br>आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिमको कर कट्टी रकम तोकिएको समयमा राजस्व दाखिला हुनुपर्ने व्यवस्था छ । पालिकाको वित्तीय विवरणमा कट्टी रकम दाखिला गर्न बाँकी रु.1,95,303।- देखिएको छ । उक्त रकम सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरेको प्रमाण पेस हुनुपर्ने रु.<br><br>( उक्त बेरुजु कार्यालयको च न. ४०२ मिति २०७८-७-१२ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्यौट गरिएको)</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>नन्फाइलर<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.1,68,651।47 समेत रु.14,65,971।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।
<table>
